आज मिति २०७६ साल वैशाख ७ गते शनिबारका दिन यस रोङ गाउँपालिकाका अध्यक्ष श्री मास्टेर राईज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल एवं निर्णयहरू गरियो।

## उपस्थिति

१. अध्यक्ष — श्री मास्टेर राई
२. उपाध्यक्ष — श्री चन्द्रकला राई
३. वडाध्यक्ष — श्री बुद्धि बहादुर पख्राल
४. वडाध्यक्ष — श्री टेक बहादुर तामाङ
५. वडाध्यक्ष — श्री मालिका बयल
६. वडाध्यक्ष — श्री सुर्य राई
७. वडाध्यक्ष — श्री युवराज खापुङ राई
८. वडाध्यक्ष — श्री मनि कुमार ल्याङवो
९. कार्यपालिका सदस्य — श्री टीका तिवारी
१०. कार्यपालिका सदस्य — श्री योगमाया सुनुवार
११. कार्यपालिका सदस्य — श्री विमला तामाङ
१२. कार्यपालिका सदस्य — श्री मन कुमार लाप्चा
१३. कार्यपालिका सदस्य — श्री इन्दु गहतराज
१४. कार्यपालिका सदस्य — श्री सुमित्रा योञ्जन
१५. सचिव — श्री डिक प्रसाद दाहाल

## प्रस्तावहरू

प्रस्ताव नं. १ व्यवस्थित बसोबास व्यवस्थापन समितिको अवधारणा सम्बन्धमा।
प्रस्ताव नं. २ कार्यविधिमा संशोधन गर्ने सम्बन्धमा।
प्रस्ताव नं. ३ सुनगाभा विकास संस्थाको समय थप सम्बन्धी प्रस्ताव सम्बन्धमा।
प्रस्ताव नं. ४ नेपाल पत्रकार महासंघलाई सहयोग उपलब्ध गराउने सम्बन्धमा
प्रस्ताव नं. ५ अर्गानिक अभियान सम्बन्धी कार्यक्रम र बजेट पारित -॥-
प्रस्ताव नं. ६ हावा हुरी पिडितलाई सहयोग उपलब्ध गराउने सम्बन्धमा।
प्रस्ताव नं. ७ गाउँपालिकाको आवधिक विकास योजना (PDP) निर्माण गर्ने सम्बन्धमा।
प्रस्ताव नं. ८ सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा।
प्रस्ताव नं. ९ विविध सम्बन्धमा।

## निर्णयहरू

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा व्यवस्थित बसोबास व्यवस्थापन समितिले अवधारणापत्र पेश गरेको हुँदा उक्त अवधारणा-पत्र अध्ययन गरी अर्को बैठकमा छलफल गर्ने गरी अवधारणा-पत्रको एक/एक प्रति

क्रमश:

अध्ययनका लागि कार्यपालिकाका सम्पूर्ण सदस्यहरूलाई वितरण गर्ने निर्णय गरियो।

निर्णय नं.२. प्रस्ताव नं.२ माथि छलफल गर्दा मिति २०७४/११/५ गतेको गाउँ कार्यपालिका बैठकबाट स्वीकृत भएको "व्यवस्थित बसोबास सम्बन्धी कार्यविधि, २०७४" को प्रस्तावनाको अन्तिम हरफहरूमा "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ दफा ११ उपदफा ४ (क)" हुनुपर्नेमा अन्यथा भएको पाइएकोले संशोधन गर्ने निर्णय गरियो।

निर्णय नं.३. प्रस्ताव नं.३ माथि छलफल गर्दा यस रोङ गाउँपालिकाको विभिन्न वडाहरूमा सञ्चालित पूर्ण सरसफाई कार्यक्रमका लागि विभिन्न कारणहरू उल्लेख गरी सुनगाभा विकास संस्थाले समय र एक महिना थप गरी दिन माग गरेको हुँदा पूर्ण सरसफाई कार्यक्रमलाई थप प्रभावकारी ढंगले सञ्चालन गर्न सुनगाभा विकास संस्थासँग छलफल गर्ने तथा पूर्ण सरसफाई कार्यक्रम हाल अवरुद्ध गरी उक्त संस्थासँग प्रतिवेदन पेश गर्न अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा नेपाल पत्रकार महासंघ इलाम शाखाको आयोजनामा हुने प्रेसमा पार्षद मेला सहयोगार्थ रु. १०,०००/- (अक्षरेपी दश हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा मिति २०७४/११/२५ को कार्यपालिका बैठकको निर्णयानुसार रोङ गाउँपालिका भित्र अर्गानिक खेती सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि Himalayan Agricultural Knowledge and Information Centre (HAKIN) ले पेश गरेको प्रस्ताव स्वीकृत भएकोमा विविध कारणले उक्त संस्थाले कार्यक्रम सञ्चालन गर्न नसक्ने बुझिएको हुँदा उक्त कार्यक्रम Nepalese Farming Institute नामक संस्थाको प्रस्ताव स्वीकृत गरी सोही संस्था मार्फत सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं.६. प्रस्ताव नं.६ माथि छलफल गर्दा यस रोङ गाउँपालिकाको वडा नं. २ बस्ने लीलादेवी कार्कीको घर मिति २०७४/१२/७ गते राती चलेको हावाहुरीका कारण छाना उडेर क्षति भएको हुँदा निजलाई विपद व्यवस्थापन कोषबाट रु २०,०००/- (बीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.७. प्रस्ताव नं.७ माथि छलफल गर्दा यस रोङ गाउँपालिकाको आवधिक विकास योजना (Periodic Development Plan)

क्रमशः

तयार गर्न आवश्यक भएको हुँदा सूचीकृत परामर्शदाता कम्पनी छनौट गरी आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस मौडे गाउँपालिकाको आ.व. २०७५/०७६ को अर्धवार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७६ साल बैशाख ११ गते गाउँ कार्यपालिकाको कार्यालय परिसरमा आयोजना गर्ने निर्णय गरियो।

निर्णय नं. ९ विविध सम्बन्धमा छलफल गर्दा मिति २०७५/११/२५ को कार्यपालिका बैठकको निर्णय नं. ४(ख) मा उल्लेखित आर्थिक सहायता पाउने व्यक्तिको नाम शुक्रराज राई हुनुपर्नेमा अन्यथा भएकोले आजलाई पिडित शुक्रराज राईलाई आर्थिक सहयोग दिने निर्णय गरियो।